बैठक सख्याः १२(बाह्रौं)

मिति २०८१/१०/१५ को नगर कार्यपालिकाको बैठकका निर्णयहरुः-

निर्णय नं.- १(एक)

स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको कार्यविधि,२०७७ बमोजिम सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ मा १० वटा विषय क्षेत्रमा भएगरेका कामहरुको स्वमुल्याङ्कन गर्दा १०० पुर्णाङ्कमा ९१.७५ अंक प्राप्त भएको हुँदा देहाय बमोजिमको विवरण सहितको प्रासाङ्क कार्यपालिका वैठकलाइ जानकारी भइ स्वमुल्याङ्कन गर्दा प्राप्त भएको ९१.७५ अंकलाइ अनुमोदन गरियो ।

स्थानीय तह सस्थागत क्षमता स्वमूल्याङ्कन

प्राप्ताङ्क सारांस

आर्थिक बर्ष २०८०/८१

| सि.नं. | बिषयक्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | | | प्रप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | समग्र अवस्था | प्रकृयागत अवस्था | परिणामात्मक अवस्था | |
| १ | सूचक क्षेत्र १ - शासकीय प्रवन्ध | ९ | ३ | ४ | २ | ९ |
| २ | सूचक क्षेत्र २ - सङ्गठन तथा प्रशासन | ८ | २ | ३ | ३ | ८ |
| ३ | सूचक क्षेत्र ३ - वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन | ११ | २ | ४ | ४ | १० |
| ४ | सूचक क्षेत्र - ४ वित्तिय एवम् आर्थिक व्यवस्थापन | ११ | १.२५ | ४ | ३.५ | ८.७५ |
| ५ | सुचक क्षेत्र ५- सेवा प्रवाह | १६ | २.५ | ४ | ८ | १४.५ |
| ६ | सूचक क्षेत्र ६- न्यायीक कार्य सम्पादन | ७ | १ | ३ | ३ | ७ |
| ७ | सूचक क्षेत्र ७ - भौतिक पूर्वाधार | १३ | ३ | ३ | ५ | ११ |
| ८ | सूचक क्षेत्र ८ - सामाजिक समावेशीकरण | १० | २ | ४ | ४ | १० |
| ९ | सूचक क्षेत्र ९ - वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | १ | १.५ | ५ | ७.५ |
| १० | सूचक क्षेत्र - १० सहकार्य र समन्वय | ६ | २ | १ | ३ | ६ |
| | कुल जम्मा | १०० | १९.७५ | ३१.५ | ४०.५ | ९१.७५ |

## निर्णय नं. २ (दुई)

सिद्धार्थनगर नगरपालिका मिति २०२४ साल माघ २२ गते भैरहवा नगर पन्चायतको नामबाट स्थापना भएको हुँदा नगरपालिका स्थापना दिवस भव्यताका साथ मनाउने निर्णय गरियो । सो दिवसका अवसरमा सिद्धार्थनगर नगरपालिका, नगरकार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरु, शिक्षण सस्थाहरु, बैंक तथा वित्तिय सँस्थाहरु, सहकारीहरु समेतमा स्थानीय विदा दिने र नगरपालिका दिवसका दिन उल्लेखित संघ सस्थाका कर्मचारी तथा शिक्षक कर्मचारीहरुलाइ तोकिएको पोशाकमा अनिवार्य उपस्थित गराइ दिवस भव्यताका साथ मनाउने र नगरपालिका स्थापना दिवस लगायत सो अवसरमा हुने कार्यक्रम सम्पन्न गर्नका लागि देहाय बमोजिमको मुल आयोजक समारोह समिति गठन गर्ने र आवश्यकता अनुसार अन्य समिति गठन गर्ने निर्णय गरियो ।

**मुल आयोजक समितिः**

१. संयोजक - श्री ईश्तियाक अहमद खाँ, नगर प्रमुख
२. सह संयोजक - श्री उमा अधकारी, उपप्रमुख
३. सदस्य -वडा अध्यक्ष वडा नं १ देखि १३ सम्म तथा नगर कार्यपालिकाका सदस्यहरु सवै
४. सदस्य-सचिव -श्री जनक थापा प्रमुख प्रशासकीय अधिकृत

नगरपालिका स्थापना दिवसलाइ सफलता पूर्वक सम्पन्न गर्नका लागी मूल समारोह समिति अन्तगत देहाय बमोजिमको नगर स्थापना दिवस व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक श्री छेलीलाल श्रीवास्तव वडा अध्यक्ष वडा नं २
२. सदस्य श्री नारायण प्रसाद उपाध्याय वडा अध्यक्ष वडा नं ३
३. सदस्य श्री मुक्तिनाथ यादव वडा अध्यक्ष वडा नं ४
४. सदस्य श्री विरेन्द्रनाथ श्रीवास्तव वडा अध्यक्ष वडा नं ६
५. सदस्य श्री सुर्जमन यादव वडा अध्यक्ष वडा नं १०
६. सदस्य श्री द्रुपदा पनेरु कार्यपालिका सदस्य
७. सदस्य सचिव श्री देवप्रसाद ज्ञवाली वरिष्ठ अधिकृत सातौं

## निर्णय नं.- ३(तिन)

सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र रहेका छाडा चौपाया व्यवस्थापनका लागी सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिका बैठकबाट मिति २०८१।९।२५ मा गठित छाडा चौपाया व्यवस्थापन समित तथा नगरपालिकाका कर्मचारी परिचालित गरी नगरपालिका क्षेत्रभित्र साथै बजारमा भएका देहाय बमोजिमको छाडा चौपायाहरु समातिएको र बाणगंगा नगरपालिकाको गौशालामा पठाइएको हुँदा बाणगंगा नगरपालिकालाइ धन्यवाद दिने तथा सहयोग गर्ने छाडा चौपाया व्यवस्थापन समिति तथा कर्मचारीहरुलाइ धन्यवाद दिने निर्णय गरियो ।

## बाणगंगा नगरपालिकाको गौशालामा पठाइएका छाडा चौपायाहरुको विवरण

| सि.नं. | मिति | गाई | गोरु | जम्मा | गाडी नंम्बर | सवारी चालकको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | २०८१/१०/०६ | - | १६ | १६ | लु२ख ६७० | गौरी शंकर चाई | ट्रक |
| २. | २०८१/१०/०६ | ७ | १८ | २५ | लु२ख ३४० | रमेश मल्लाह | ट्रक |
| ३. | २०८१/१०/०७ | १२ | ६ | १८ | लु२ख ६७० | गौरी शंकर चाई | ट्रक |
| ४. | २०८१/१०/०८ | १३ | ६ | १९ | लु२ख ६७० | गौरी शंकर चाई | ट्रक |
| ५ | २०८१/१०/१४ | १२ | ५ | १७ | लु२ख ६७० | गौरी शंकर चाई | ट्रक |
| | जम्मा | ४४ | ५१ | ९५ | | | |

**होल्डिङ्ग सेन्टरमा रहेको**

गाइ ५ वटा

गोरु ४ वटा

सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र रहेका छाडा चौपायालाइ अनुगमन गरी होल्डिङ्ग सेन्टरमा पुनः छाडा चौपाया जम्मा गरी राख्ने सम्वन्धमा वजार अनुगमन गर्दा धेरै जसो छाडा चौपायाहरु व्यवस्थापन भएको र बाँकी रहेका अन्य छाडा चौपायाहरु देखिएको हुँदा क्रमशः होल्डिङ्ग सेन्टरमा राख्ने र क्रमशः बाणगंगा नगरपालिकामा पठाउन सोको लागि बाणगंगा नगरपालिकासंग अनुरोध गर्ने तथा छाडा चौपाया व्यवस्थापनका लागि बाणगंगा नगरपालिकालाइ रु. २० लाख रुपिया सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.- ४(चार)**

सडक बोर्ड नेपाल मिनभवन काठमाडौंको चनं ४४० मिति २०८१।०६।१३ को पत्रानुसार चालु आर्थिक वर्ष २०८१।०८२ मा स्थानीय स्थानीय सडक मर्मत संभार कार्यको लागी सडक बोर्ड नियमावली २०६० परिच्छेद ३ नियम ९ तथा उल्लेखित मार्गदर्शन बमोजिम समपुरक कोष Matching Fund समेत समावेश गरी देहाय बमोजिमको योजना छनौट गरी कार्यान्वयनका लागि सडक बोर्ड नेपालमा पठाउने निर्णय गरियो ।

**सडकका नामावलीहरु:**

| सि.नं. | सडकको नाम | वडा नं | | |
|---|---|---|---|---|
| १. | रानीगाउँ सडक | १ | | |
| २. | भृकुटीपथ | ७ | | |
| ३. | रविपथ देखि दक्षिण तर्फ | ८ | | |
| ४. | रुद्रपथ | १२ | | |

| | | | | |
|---|---|---|---|---|
| ५. | चाणक्यपथ | ३ | | |
| ६. | वडा कार्यालय जाने सडक | ४ | | |
| ७. | बेलहवाडिह पासी टोल | १० | | |
| ८. | नयाँ कलोनी रोड | २ | | |

**निर्णय नं.- ५(पाँच)**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराइ मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई सिहदरबार काठमाडौंको मिति २०८१।९।२९ मा प्रकाशित सूचना बमोजिम आगामी आर्थिक वर्ष २०८२।८३ का लागि छनौट हुने योजनाहरु तराइ मधेश समृद्धि कार्यक्रम सन्चालन निर्देशिका २०८१ बमोजिमको परिधि भित्र रही देहायका योजनाहरु छनौट गरी पठाउने अनुरोध गरियो ।

**तराइ मधेश समृद्धि कार्यक्रमका योजनाहरु:**

| सि.नं. | शिर्षक | आयोजना | वडा नं. |
|---|---|---|---|
| १. | साना सडक स्तर उनन्ती अन्तगतको आयोजना | क. शंकरपुर देखि पिपरहिया सम्म र सोही बाटोबाट वालवहिरा स्कुल सम्म शहरी विकासले बनाएको जोडने सडकमा नाला तथा सडक निर्माण कार्य<br>ख. खजहना चोक देखि उत्तर जाने सडक तथा नाला निर्माण | वडा नं. २, १०, ११ सम्मको जोडने सडक<br>वडा नं. ३ |
| २. | सिंचाइ तथा नदी नियन्त्रण आयोजना | दोगहरा गाउँ देखि पश्चिम दक्षिण सिंचाइ कुलो निर्माण कार्य | वडा नं. ४ |
| ३. | सामुदायिक पुर्वाधार | क. सामुदायिक भवन निर्माण म्यौडिहवा<br>ख. सामुदायिक भवन निर्माण बेलहिया | वडा नं. २<br>वडा नं. १ |
| ४. | खानेपानी तथा सरसफाइ | क. टियूवेल जडान कार्य<br>ख. बेलहिया स्थित अधुरो सार्वजनिक शौचालय निर्माण कार्य | वडा नं. २, ४, १० र ११<br>वडा नं. १ |
| ५. | सामुहिक आवास भवन | जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ बमोजिमका आयोजनाहरु | आवश्यकताका आधारमा वडाबाट माग भए बमोजिमका आवास भवन |

नोटः सि.नं. अनुसारको आयोजनाहरु प्राथमिकता मानि काम गरिनेछ ।

विविध निर्णय नं. ६(छ)

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद - ३ को दफा ११ को उपदफा २(ज) अनुसार आधारभुत र माध्यमिक तहसम्मको शिक्षा नगरपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र रहेकोमा ऐ. ऐनको दफा ११ को उपदफा २ को (ज)(१४) मा व्यवस्था भए बमोजिम सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्रका आधारभूत तहको परीक्षा सन्चालन तथा अनुगमन र व्यवस्थापन गर्न देहाय बमोजिमको समिति गठन गरी सो समितिले आधारभूत तहको परीक्षा सन्चालन, अनुगमन तथा व्यवस्थापन गरी सोही समितिलाइ प्रमाणीकरण गर्न स्वीकृत दिने निर्णय गरियो ।

परीक्षा सञ्चालन, अनुगमन र व्यवस्थापन :

| | |
|---|---|
| १. जनक थापा प्रमुख, (प्रशासकीय अधिकृत) | - अध्यक्ष/संयोजक |
| २. चेतनशील लम्साल (शिक्षा शाखा प्रमुख) | - सदस्य |
| ३. ओमेशकुमार गैरे (आ.प्र.शाखा प्रमुख) | - सदस्य |
| ४. रुपकुमार क्षेत्री (प्र.अ. सामुदायिक विद्यालय) | - सदस्य |
| ५. राजेशराज जोशी (प्र.अ. संस्थागत विद्यालय) | - सदस्य |
| ६. जाह्नवी पाण्डेय (शिक्षा अधिकृत) | - सदस्य-सचिव |

२. सिद्धार्थनगर नगरपालिकाको नाममा रहेको भवन, सटर, कबल तथा कोठाहरु भाडामा नगइ खाली रहेकाहरुलाइ भाडामा लगाउन टेण्डर खोल्न अनुमति दिने निर्णय गरियो ।

३. सिद्धार्थबस पार्कमा सवारी प्रवेश शुल्क तथा पार्किङ्ग वापतको शुल्क उठाउनका लागि लागत अनुमान रु. ६३,३३,८४४.८८ (मु.अ. कर समेत) को न्यूनतम मुल्य राखी पटक पटक e-bidding मार्फत सार्वजनिक सूचना प्रकाशन भएकोमा कसैको पनि बोलपत्र पर्न नआएकोले पुन: e-bidding तथा Hard Copy मार्फत सोही न्यूनतम अंकलाइ कायम गरी अर्थिक बर्ष २०८१/८२ को बाँकी अबधि, आ.ब. २०८२/०८३ र २०८३/०८४ सम्मका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

४. सिद्धार्थनगर नगरपालिका वडा नं. ८ अन्तरगत पर्ने अन्नपूर्ण पथको सडक तथा नाला निर्माण कार्य र बैंक कलोनीको बाटो स्तरोन्नतीका लागी नेपाल सरकार शहरी विकास मन्त्रालय, सिंहदरवार काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो ।